# कबुलियती वन कार्यक्रम : साठीघर काभ्रेको अनुभव

■ यादव हुमागाई

## परिचय

सामुदायिक वनको सफलता सँगसँगै नीति निर्माताहरुको बीचमा केही प्रमुख प्रश्नहरु अनुत्तरित रहेका थिए । पहिलो, हैसियत बिग्रेको वन सुधार्न सामुदायिक वन विकास कार्यक्रम बाहेक अन्य के कार्यक्रम गाउँमा लैजाने र दोश्रो, नेपालको गरीबी अन्त्य गर्न के कार्यक्रम गाउँसम्म पठाउँने भन्ने जस्ता प्रश्नहरु नीति निर्माताहरुको स्तरमा यस प्रकारका सवालहरु चिन्तन मनन भइरहेको समयमा २०५० सालमा अन्तर्राष्ट्रिय कृषि विकास कोषको ऋण सहयोग र नेदरल्याण्ड सरकारको अनुदान सहयोगमा पहाडी कबुलियती वन तथा चरण विकास आयोजनाको शुरुवात भयो । पहिलो वर्ष (२०५१ सालमा) काभ्रे र मकवानपुर गरी जम्मा २ जिल्लामा कबुलियती वन विकास कार्यक्रम शुरु गरियो । पछिल्ला वर्षहरुमा क्रमश: अन्य जिल्लाहरुमा समेत कार्यक्रम थपिदै हालसम्म जम्मा २६ जिल्लामा कार्यक्रम संचालन गरिएको छ । यस कार्यक्रमको उद्देश्य हैसियत बिग्रेको वन जङ्गल गरीबीको रेखामुनिका जनतालाई ४० वर्षका लागि कबुलियतमा दिई वनको अवस्थामा सुधार ल्याउने र गरीबी निवारण गर्ने रहेको छ ।

यो लेखमा काभ्रे जिल्लाको साठीघर गा.वि.स.मा कबुलियती वन कसरी शुरुवात भयो, यसबाट के के फाइदा भयो र कार्यक्रमका कमजोरी पक्षहरु के के रहे भन्ने कुरामा स्थानीय उपभोक्ताहरु र जिल्ला स्तरमा कबुलियती वनमा काम गर्ने निकायहरुसँगको कुराकानीका आधारमा छोटो विवेचना गरिएको छ । यसका साथै कार्यक्रमबाट प्राप्त उपलब्धिहरुलाई सामुदायिक कार्यक्रमसँग लैजान सकिने संभावनाबारे पनि छलफल गरिएको छ ।

> अझै ५० घर भन्दा बढी उपभोक्ताहरु वनको उपभोग गर्नबाट छुटेका छन् । धनी गरीबको कुरा गर्ने हो भने त उनीहरु झन गरीब छन र उनीहरुसँग वन पैदावरको अरु विकल्प पनि छैन ।
>
> काठमाडौंमा ४ वटासम्म घर हुने, व्यापारी र आफ्नो निजी गाडी हुनेहरु पनि हाम्रो कबुलियती समूहमा छन् अनि कसरी यो गरीबको कार्यक्रम भयो त ?

## साठीघरमा कार्यक्रम शुरुवात र विवाद

साठीघर गा.वि.स.का तत्कालीन अध्यक्ष शिव भेटवालले जि.वि.स.को बैठकमा कबुलियती वन कार्यक्रम काभ्रे जिल्लामा लागू हुँदैछ भन्ने खबर पाए । जिल्लामा सभापतिज्यूले कार्यक्रम राम्रो छ, तपाईको इच्छा भयो भने तपाईको गाउँमा पनि यो कार्यक्रम जान सक्छ भन्ने जानकारी दिएपछि "म लगायत गा.वि.स.का अन्य साथीहरु यो कार्यक्रम गाउँमा ल्याउनु पर्छ भनेर लाग्यौं" भन्नुहुन्छ शिव भेटवाल । यसपछि बिस्तारै गाउँका ठूलाबडा र जान्नेसुन्नेले पनि कार्यक्रमको सुइँको पाए र उनीहरु यो कार्यक्रम आफ्नो गाउँमा लान आतुर भए । ४० वर्षका लागि बिग्रेको वन पाइने पशु पालनका लागि बिना धितो सहुलियत दरमा ऋण पाइने, गोष्ठी, तालिम र अध्ययन भ्रमणहरुमा सहभागी हुन पाइने र समूहका सबै कामका लागि भत्ता पाइने कुराले स्थानीय टाठाबाठाहरु कार्यक्रमप्रति आकर्षित भए ।

यसै क्रममा कबुलियती वन समूह गठन गर्न जिल्ला वन कार्यलय, जिल्ला पशुसेवा कार्यालय तथा कृषि विकास बैंकका कर्मचारीहरु गाउँमा पुगे । गाउँका केही जान्नेसुन्ने र कर्मचारीहरु भेला भएर ७८ हेक्टर क्षेत्रफल भएको वनलाई ८ भागमा विभाजन गरी प्रत्येक समूहमा ६ देखि १० घरधुरी सम्म

पर्नेगरी ३ दिनमा आठवटा समूह गठन गरियो । समूह गठन गर्दा के के छलफल भएको थियो भनी सोध्दा एक समूहका अध्यक्ष भन्छन् "समूह गठन गर्ने बेला म घरमा थिइन तर  घर फर्केपछि गाउँका अरु दाजुभाइले हामीले तँलाई पनि समूहमा राखिदिएका छौं भने नभन्दै त्यसको ५-६ महिनापछि एउटा कार्ययोजना जिल्लाबाट म काहाँ आयो, त्यहाँ त १६ नम्वर समूहको अध्यक्ष भनेर मेरो नाम पो लेखिएको रहेछ" ।

यसरी समूह गठन गर्दा जङ्गल क्षेत्र भएको गा.वि.स.(साठीघर) का उपभोक्ताहरु सबैलाई बिना भेदभाव कबुलियती समूहमा आवद्ध गरियो, जबकि वनको झन् नजिक बस्ने छिमेकी गा.वि.स. (खरेलथोक) का उपभोक्ताहरुलाई समूहमा राख्नु त के, थाहा पनि दिइएन । "कबुलियती वन कार्यक्रम गरीबका लागि भनिएको छ तर हाम्रोमा स्थिति उल्टो छ" भन्दै एक उपभोक्ता थप्छन् - "काठमाडौंमा ४ वटासम्म घर हुने, व्यापारी र आफ्नो निजी गाडी हुनेहरु पनि हाम्रो कबुलियती समूहमा छन् अनि कसरी यो गरीबको कार्यक्रम भयो त ? बरु गरीबहरु त धनीले लाए अह्राएको काम गर्ने र उनीहरुले बढी भएर बेचेको घाँस किन्नुपर्ने स्थितिमा पो छन् त ।"

३५ वर्षभन्दा लामो सामुदायिक वन बनाउने प्रयासलाई कबुलियती वन विकास कार्यक्रमले लत्याएर वनलाई स-साना टुक्रा पारी सुटुक्क केही घरलाई मात्र कबुलियती वन कार्यक्रमको नाममा वन दिएको दावी गर्दै खरेलथोक गा.वि.स. का विष्णु पाण्डे भन्छन् : "यो चारपिपल वन पहिले भगवतीको गुठी थियो र यो वन पहरी परिवारहरुले रेखदेख गर्दैआएका थिए । तत्कालीन बोलवाला, हुनेखाने केही खरेल परिवारले पहरीहरुले थाहा नपाउने गरी वन आफ्नो नाममा राजिनामा गरेछन्, त्यसपछि खरेलहरुले पहरी लगायत अन्य परिवारहरुलाई वनमा जानबाट रोक लगाउन शुरु गरे । २०२४ सालतिरको कुरा हो हामीले उक्त वन क्षेत्र सार्वजनिक गराइ पाऊँ भनी खरेल परिवार विरुद्ध मुद्दा हाल्यौं र जित्यौं पनि ।" २०३५ सालमा संरक्षण समिति गठन गरेर नियमहरु बनाएको अभिलेख देखाउदै विष्णु पाण्डे थप भन्नु हुन्छ : यसपछि पनि खरेलहरुले फेरि मुद्दा  हाले । मैले अगुवाई गरे भनेर मेरा आमा र भाईलाई मरणासन्न हुने गरी कुटे र समाजबाट मेरो परिवारलाई बहिष्कृत गरिदिए । यति हुँदाहुदैं पनि २०४६ सालको बहुदलपछि "उपभोक्ताको वन संरक्षण समिति" गठन गरी २४५ घरधुरी उपभोक्तालाई समेटेका थियौं । यतिखेरसम्म हामी दुवै गा.वि.स.का उपभोक्ताहरु सँगै काम गर्दैथियौं । यसरी मेहनेत गरेर संरक्षण गर्दै आएको वन हामीलाई थाहा नदिई साठीघर गा.वि.स.का लाई मात्र कबुलियती समूह बनाएर दिएपछि हामी साह्रै मर्माहत भयौं । हामीलाई कानूनी रुपले वनको उपभोग गर्न नदिइएको तथा परम्परा देखि हाल सम्म नै हामीले घाँस काट्ने र वस्तु चराउने गरी रहेकाले हामीलाई मुद्दा हालियो यसै क्रममा जिल्ला वन कार्यालयमा जाँदा मैले पूराना सबै कागजात देखाएपछि तपाईलाई केही गर्देनौं गाउँमै गएर मिल्नोस् भन्नुभयो डि. एफ. ओ. सावले । गाउँमा मिल्ने स्थिति नभएपछि हामी छुटेका घर मिलेर २०५५ सालमा कबुलियती वनलाई खारेज गरी सामादायिक वन बनाइपाऊँ भन्ने व्यहोरा राखी तत्कालीन वन मन्त्रीलाई निवेदन दियौं । त्यसपछि मात्र हामी छुटेका मध्ये केहीलाई समावेश गरियो । हामी अर्को गा.वि.स.का सदस्य भएको समूहमा हाल २३ घरधुरी छौं । १० जना भन्दा ठूलो समूह बनाउन हुन्न रे त्यसैले बाँकी १३ जना चाही पाखुरी सदस्य भनेर राखिएको छ । यी पाखुरी सदस्यहरु कबुलियती कार्यक्रम अन्तर्गतको फाइदा सिधै आफ्नो नामबाट लिन सक्दैनन्, मूल सदस्यको निगाहमा मात्र लिनसक्छन् । अझै ५० घर भन्दा बढी उपभोक्ताहरु वनको उपभोग गर्नबाट छुटेका छन् । धनी गरीबको कुरा गर्ने हो भने त उनीहरु झन् गरीब छन् र उनीहरुसँग वन पैदावरको अरु विकल्प पनि छैन ।" विष्णु पाण्डे लगायतका अन्य धेरै उपभोक्ताहरु अझै यो वनलाई सामुदायिक वन बनाउनुपर्छ भन्ने कुरालाई जोड दिन्छन् जसले गर्दा सबैलाई समूहमा समेट्न सकिन्छ र यी दुई गा.वि.स.का बासिन्दाहरु बीचको आलोचना र झगडाको पनि अन्त्य हुन्छ ।

कबुलियती वन समूहमा नभएकाहरुबाट वनको तल्लो भागमा घाँस दाउरा लिने र वस्तु चराउने काम नियमित रुपमा नै भइरहेको तथ्य कबुलियती वन समूह नं. १६ का अध्यक्ष स्वीकार गर्दछन् । उनी थप भन्छन् : “यदि सबैले उपभोग गर्ने हो भने किन कबुलियती समूह बनाइरहन पर्‍यो र ?”

**कार्यक्रमका उपलब्धिहरु**

यसरी शुरुवातदेखि नै विवादित हुँदै गाउँमा पुगेको कबुलियती वन कार्यक्रमको करोडौंको लगानीले गरीबलाई कति फाइदा दिएको छ त भनेर हेर्नुपर्ने बेला भइसकेको छ । कबुलियती वन सम्बन्धी हालसम्मका प्रतिवेदनहरु र सम्बन्धित निकायको भनाईमा मूल रुपमा निम्नानुसारको उपलब्धि भएको पाइन्छ ।

- उपभोक्ताको चेतनास्तर वृद्धि भएको
- वनको अवस्थामा सुधार आएको
- आय आर्जनमा वृद्धि भएको
- पशुपालनमा वृद्धि भएको
- बचत संकलन तथा ऋण वितरण भएको
- दुग्ध उत्पादनमा वृद्धि भएको
- सिप विकास भएको

तर उपभोक्ताको भनाईमा मुख्यतया निम्नानुसारका फाइदाहरु भएको उपभोक्ताहरु स्वयं बताउँछन् ।

- वन संरक्षण राम्रो भएको छ ।
- तालिम गोष्ठीले गर्दा केही व्यक्तिहरुको क्षमता विकास भएको छ ।
- भुईघाँसको उत्पादन बढेको छ ।

**कार्यक्रमका कमजोर पक्षहरु**

लगानीको अनुपातमा कबुलियती वनबाट प्राप्त फाइदाहरु ज्यादै न्यून छन्, यसो हुनमा कार्यक्रमका निम्न कमजोरीहरु जिम्मेवार हुनसक्छन् ।

***नीतिगत तहमा भएका कमजोरीहरु :-***

(क) राज्यले यस परियोजना तयार गर्दा लक्षित समुदायको चाहानालाई यथेष्ठ स्थान नदिनु ।
(ख) गरीब पहिचानका लागि तोकिएका आधारहरु अवैज्ञानिक, अव्यवहारिक एवं मनगढन्ते हुनु ।
(ग) समाजमा विद्यमान धनी र गरीब बीचको सम्बन्धको विश्लेषणमा स्थानीय व्यक्तिको ज्ञान, सीपलाई बेवास्ता गरिनु ।
(घ) दिगोपनातर्फ दृष्टि नपुर्‍याउनु ।

***कार्यक्रम तहमा भएका कमजोरीहरु :-***

(क) योजना तर्जुमा प्रक्रियालाई व्यवहारिक रुपले सहभागितामूलक नबनाउनु ।
(ख) हरेक कार्यक्रमको दिगोपनातर्फ ध्यान नपुग्नु ।
(ग) प्रभावकारी अनुगमन संयन्त्रको अभाव हुनु ।
(घ) कार्यक्रम लागू गर्न कर्मचारीतन्त्र हावी हुनु ।

***कार्यान्वयन तहमा भएका कमजोरीहरु :-***

(क) नीति निर्माता र फिल्ड कर्मचारी बीच स्पष्ट संचारको अभाव हुनु ।
(ख) फिल्डस्तरका सहयोगी निकाय बीच अत्यन्त कमजोर समन्वय हुनु ।
(ग) स्थानीय निकाय र नागरिक समाज उपेक्षित हुनु ।

(घ) कार्यक्रममा धनी गरीब मिश्रित समूह बन्नु जबकि यो कार्यक्रम गरीबका लागि मात्र भनी ल्याइएको हो ।

(ङ) कार्यक्रमको भौतिक लक्ष्य मात्र पूरा गर्ने मनोवृत्ति कर्मचारीमा हुनु ।

(च) समूहमा देखापर्ने अन्य सवालहरु उपेक्षित हुनु ।

**निष्कर्ष एवं केही अनुत्तरित प्रश्नहरु**

माथि उल्लेख गरिएका उपलब्धि र कमजोरीहरुलाई केलाउँदा उक्त क्षेत्रको गरीबी निवारणमा कबुलियती वन कार्यक्रमले खासै ठूलो भूमिका खेलेको देखिदैन । बरु यसले त समुदायमा आधारित वन व्यवस्थापन कार्यक्रम अर्न्तगत एउटै मन्त्रालय र विभागमा कबुलियती र सामुदायिक वन जस्ता दोहोरो कार्यक्रमको औचित्यमा प्रश्न खडा गरेको छ । कबुलियती वन कार्यक्रमले विशेष रुपमा लागू गर्ने भनिएका तल उल्लेखित कार्यक्रमहरु अन्य स्थानहरुमा पनि धेरै पहिलेदेखि संचालित छन ।

- कृषि विकास बैंकले समूह जमानी वा धितो जमानीमा साना किसान पहिचान गरी विगत लामो समयदेखि ऋण दिदैं आएको छ र भविष्यमा पनि दिने कार्यक्रम छँदै छ ।
- पशु विकास कार्यालयले पशु स्वास्थ्य सम्बन्धी काम गरि नै रहेको छ । त्यसैले परियोजना अवधिमा पशु स्वास्थ्य सम्बन्धी के उल्लेखनीय फाइदा महसुस गरेका छन् र यसले गरीबी निवारणमा के टेवा पुग्यो भन्ने कुरामा प्रश्न उठेको छ ।
- वनलाई हेर्दा त्यो भन्दा पनि हैसियत बिग्रेको वन पनि सामुदायिक वनको रुपमा सफलतापूर्वक व्यवस्थापन गरिएका छन । त्यत्तिकै सुधार त बिना लगानीमा समूहले गरी रहेका छन् त्यसको लागि मात्र छुट्टै कबुलियती कार्यक्रम कत्तिको आवश्यक छ ?
- समुदायका धनी गरीब सबै घरधुरी समेटेर समूह बनाउने र वन हस्तान्तरण गर्ने काम सामुदायिक वन कार्यक्रमले बिसौं वर्षदेखि गर्दै आएको छ । साठीघरमा बनाइएका समूहहरु साना मात्र छन् तर अन्य कुरा सामुदायिक वनका भन्दा केही फरक पाइदैनन् ।

माथि उल्लेख गरिएको गाउँमा कबुलियती कार्यक्रम लैजान मरिमेट्ने स्थानीय समाजसेवीहरुको कबुलियती कार्यक्रम सामुदायिक वनभित्र आउनुपर्ने ठहर रहेको छ । उहाँहरुको भनाइमा हरेक सामुदायिक वनमा कुनै न कुनै भाग हैसियत बिग्रिएको नाङ्गो हुने नै गर्दछ । आफ्नो समूहका गरीब पहिचान गरी एक निश्चित समयका लागि व्यवस्थापन गर्न दिन न त विवाद हुन्छ न त गरीब छुट्याउन कठिन नै हुन्छ ।

केही पहाड तथा तराइका सामुदायिक वनमा सामुदायिक वनको केही हिस्सा गरीबहरुलाई दिई आयआर्जनका रुपमा अलैंची, अदुवा, बेसार, अम्रिसो घाँस जस्ता बाली लगाइ फाइदा समेत लिएका उदाहरणहरु छन् । यस्ता राम्रा कार्यको अध्ययन गरी सामुदायिक वनभित्रै कबुलियती वन कार्यक्रम संचालन गर्न कानूनी मान्यता किन नदिने ? गरीबी निवारण र आय आर्जनका लागि सामुदायिक वनभित्र पिछडिएका गरीब वर्गहरुलाई ऋण दिने उद्देश्यले विभिन्न बचत ऋण सहकारी संस्था समूहको शेयरबाट संचालित भै सकेका छन् त्यसको खोजी र अध्ययन गरी तिनलाई बढावा दिनुपर्ने होइन र ?

यसका लागि सामुदायिक वन कार्यक्रम भित्र कबुलियती वन कार्यक्रमलाई नीतिगत मान्यता दिई गरीबी निवारणको कार्यक्रम शुरु गर्न वन मन्त्रालय, विभाग र यससँग सम्बन्धित सबै सरोकारवालाहरुले यथाशिघ्र आवश्यक कदम चाल्नुपर्ने देखिन्छ ।

(लेखक राष्ट्रिय स्रोत परिचालन केन्द्रमा कार्यरत हुनुहन्छ ।)